# शोधनान्तर तथ्याङ्क संकलन निर्देशिका

## २०६१


**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

शोधनान्तर महाशाखा

बालुवाटार, काठमाडौं

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | प्रस्तावना | क |
| २.. | शोधनान्तर तथ्याङ्क कारोबारको किसिम | १ |
| ३. | बैंक कार्यालयको वर्गीकरण | २ |
| ४. | बैंकहरुले तथ्याङ्क पठाउनु पर्ने समय | ३ |
| ५. | तथ्याङ्क उल्लेख गर्ने विनिमय दर | ३ |
| ६. | शोधनान्तर तथ्याङ्कको स्रोत तथा प्रयोजन खुलाउनु पर्ने दायित्व | ३ |
| ७. | वैदेशिक निक्षेप दायित्व | ५ |
| ८. | फ.ा.नं. ने.शो.-१ | ५ |
| ९. | फा.नं. ने.शो.-२(क) | ६ |
| १०. | फा.नं. ने.शो.-२(ख) | २१ |
| ११. | फा.नं. ने.शो.-३ | २६ |
| १२ | अनुसूची १ देखि ४ सम्म (नेपाली तथा अंग्रेजीमा) | |

# प्राक्कथन

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, शोधनान्तर महाशाखाले विदेशी मुद्रा खरीद/बिक्रीको स्रोत तथा प्रयोजन अनुसार विदेशी मुद्राको सम्पूर्ण कारोबारको तथ्याङ्क संकलन र प्रशोधन गरी नियमित रुपमा आ.व. २०३०/३१ देखि शोधनान्तर तथ्याङ्क प्रकाशित गर्दै आएको छ । देशको अधिकांश वाह्य भुक्तानी कारोबार बैंकिङ्ग क्षेत्रबाट नै हुने हुँदा शोधनान्तर तथ्याङ्कको विभिन्न स्रोतहरु मध्ये बैंकिङ्ग क्षेत्र नै प्रमुख स्रोतको रुपमा रहँदै आएको छ ।तसर्थ, मुख्यगरी बैंकिङ्ग क्षेत्रबाट प्राप्त हुने प्रारम्भिक तथ्याङ्कको शुद्धताको स्तरमा नै समग्र शोधनान्तर तथ्याङ्कको शुद्धता निर्भर रहने हुनाले प्रारम्भिक तथ्याङ्क शुद्ध रहनु अत्यावश्यक हुन्छ । यसैगरी, बैंकिङ्ग क्षेत्रबाट प्राप्त हुने प्रारम्भिक तथ्याङ्कको शुद्धताको स्तर तथ्याङ्क सम्प्रेषण गर्ने कार्यमा संलग्न कर्मचारीको ज्ञानमा निर्भर रहने कुरा दृष्टिगत गरी तथ्याङ्क टिपोट कार्यलाई सरल बनाउने उद्देश्यले यस महाशाखाले २०३१ सालमा शोधनान्तर निर्देशिका तयार गरी बैंकहरुलाई उपलब्ध गराएको थियो । समय-समयमा गरिएका विदेशी विनिमय सम्बन्धी नीतिगत परिवर्तन, विदेशी मुद्रा कारोबारको आकार/प्रकारमा भएका परिवर्तन तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको शोधनान्तर निर्देशिकामा समय-समयमा भएको संशोधन तथा परिमार्जनलाई समेत दृष्टिगत गरी उक्त निर्देशिकालाई २०३४, २०३८, २०४३ र २०५१ सालमा आवश्यक संशोधन गरी लागू गरिएको थियो ।

विश्वका अन्य मुलुकहरुमा जस्तै नेपालमा पनि शोधनान्तर तथ्याङ्क प्रशोधन गर्ने कार्य मूलतः अन्तर्राष्ट्रिय मुद्रा कोषको शोधनान्तर निर्देशिकामा आधारित छ । यसै अनुरुप आ.व. २०५८/५९ सम्म यस महाशाखाले उक्त कोषको शोधनान्तर निर्देशिका चौथो संस्करण अनुरुप तथ्याङ्क प्रकाशन गर्दै आएकोमा आ.व. २०५९/६० देखि भने सो कोषको हाल प्रचलित पाँचौं संस्करण अनुरुप प्रकाशन गर्न थालेको छ । अतः विगत एक दशकको अवधिमा विदेशी विनिमय सम्बन्धमा भएको नीतिगत परिवर्तन, विदेशी मुद्रा कारोबारको आकार/प्रकारमा भएको परिवर्तन तथा नयाँ तवरले शोधनान्तर तथ्याङ्क प्रकाशन गर्न थालिएको परिवर्तित परिस्थितिमा सोही बमोजिम तथ्याङ्क संकलन तथा सम्प्रेषण गर्नु नितान्त आवश्यक हुन्छ । तसर्थ, परिवर्तित परिस्थिति अनुरुप तथ्याङ्कको शुद्धताको स्तरलाई कायम राख्न तथ्याङ्क संकलन तथा सम्प्रेषण कार्यमा संलग्न कर्मचारीहरुलाई सहयोग पुगोस् भन्ने उद्देश्यले साविकको "शोधनान्तर तथ्याङ्क संकलन गर्ने संशोधित निर्देशिका, २०५१" लाई आवश्यक संशोधन तथा परिमार्जन गरी यो "**शोधनान्तर तथ्याङ्क संकलन निर्देशिका, २०६१**" लागू गरिएको छ ।

शोधनान्तर तथ्याङ्कको मुख्य स्रोतको रुपमा रहेका बैंकिङ्ग क्षेत्रबाट प्राप्त हुने प्रारम्भिक तथ्याङ्कहरुको शुद्धताको स्तर कायम राख्न योगदान पुगोस् भन्ने उद्देश्यले यस निर्देशिकालाई यथासम्भव सरल र स्पष्ट पार्ने प्रयास गरिएको छ । साविकको निर्देशिकामा भा.रु. नगद खरीद/बिक्री कारोबारको तथ्याङ्क पठाउने प्रयोजनार्थ नगद काउण्टर र सटही काउण्टरको लागि छुट्टा-छुट्टै फारमहरु (क्रमशः ने.शो.न.का.-१, र ने.शो.स.का.-२) व्यवस्था भएकोमा यस निर्देशिकामा

नगद भा.रु. कारोबार गर्ने सबै बैंक, सटही काउण्टर र मनिचेञ्जरका लागि एउटै ने.शो.-१ फारमको व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट साविकको फरामहरु मध्ये एउटा फारम स्वतः घट्न गएकोले साविकको ने.शो.-३(क), ने.शो.-३(ख) र ने.शो.-४ फारमहरु इस निर्देशिकामा क्रमशः ने.शो.-२(क), ने.शो.-२(ख) र ने.शो.-३ का रुपमा रहेका छन् ।

१. **<u>शोधनान्तर तथ्याङ्क कारोवारको किसिम</u>** : बाणिज्य बैंकहरुले शोधनान्तर महाशाखालाई उपलव्ध गराउनु पर्ने शोधनान्तर तथ्याङ्क कारोवारलाई निम्न अनुसार तीन वर्गमा वर्गीकरण गरिएकोछ ।

१.१ **विदेशी मुद्रा खरीद बिक्री कारोवार** : बैंकहरुले विदेशी मुद्रा नगद वा विदेशी मुद्राको यात्रु चेक, क्रेडिट कार्ड, नगद कागजात (cash documents) खरीद गरी सो वापतको भुक्तानी नेपाली मुद्रामा उपलव्ध गराएमा अथवा बैंकले नेपाली मुद्रा प्राप्त गरी सो बराबर हुने विदेशी मुद्रा नगद वा यात्रु चेक उपलव्ध गराएमा यस्तो कारोवारलाई विदेशी मुद्रा खरीद वा बिक्री कारोवार मान्नु पर्दछ ।

उपरोक्त विदेशी मुद्रा कारोवारमध्ये भा.रु. नगद खरीद बिक्री कारोवारको तथ्याङ्क यस निर्देशिकाको ने.शो.-१ फारममा उल्लेख गर्नु पर्दछ । अन्य विदेशी मुद्राको नगद कारोवार तथा भा.रु. र अन्य विदेशी मुद्राको यात्रु चेक, ड्राफ्ट, टि.टि., मेल ट्रान्सफर आदि जस्ता जनरल कारोवारको खरीद बिक्री रकमलाई यस निर्देशिकाको ने.शो.-२(क) फारममा उल्लेख गर्नु पर्दछ ।

१.२ **वैदेशिक निक्षेप दायित्वको कारोवार** : विदेशी मुद्राको खरीद बिक्री कारोवार दफा १.१ अनुसार नगद वा नगद कागजात (cash documents) मार्फत नभई वैदेशिक निक्षेप खाता मार्फत भएमा यस्तो कारोवारलाई वैदेशिक निक्षेप दायित्वको कारोवार मान्नु पर्दछ । नेपाली नागरिकहरुको वैदेशिक निक्षेप खातामा भएको आम्दानी/खर्चको कारोवारलाई भने शोधनान्तर तथ्याङ्कको दृष्टिले राष्ट्रकै वास्तविक आम्दानी/खर्च मानी तदनुसार ने.शो.-२(क) फारमको सम्वन्धित शीर्षकमा जनाउनु पर्दछ । विदेशी नागरिकहरुको वैदेशिक निक्षेप खाता मार्फत हुने कारोवारलाई यस निर्देशिकाको ने.शो.-३ फारममा उल्लेख गर्नु पर्दछ र त्यस्तो कारोवारको एक मुष्ठ रकम ने.शो.-२(क) फारमको कोड नं.२००००० "वैदेशिक निक्षेप दायित्व" शीर्षकमा उल्लेख गर्नु पर्दछ ।

१.३ **अन्तरबैंक कारोवार** : बैंकहरु बीच नगद विदेशी मुद्रा खरीद बिक्री कारोवार; बैंक कार्यालयहरु बीच विदेशी मुद्रा तोडा चलान (fund transfer) कारोवार; कुनै स्थानीय बैंकको लागि अर्को स्थानीय बैंकले गरिदिएको विदेशी मुद्रा कारोवार; केन्द्रीय र क्षेत्रीय कार्यालयको एजेन्सी मार्फत मातहत कार्यालयले गरेको विदेशी मुद्रा कारोवार तथा मनिचेञ्जरसँग गरेको विदेशी मुद्रा कारोवारलाई अन्तरबैंक कारोवार मान्नु पर्दछ ।

उपरोक्त विदेशी मुद्रा अन्तरबैंक कारोवारमध्ये भा.रु. नगद अन्तरबैंक कारोवारलाई यस निर्देशिकाको ने.शो.-१ फारममा "बैंकसँग खरीद" वा "बैंकलाई बिक्री" शीर्षकमा जनाउनु पर्दछ । भा.रु. नगद बाहेक अन्य विदेशी मुद्रा अन्तरबैंक कारोवारलाई ने.शो.-२(क) फारमको कोड नं. २१०००० "अन्तरबैंक" शीर्षकमा उल्लेख गर्नु पर्दछ ।

२. <u>**बैंक कार्यालयको वर्गीकरण** :</u> शोधनान्तर महाशाखालाई तथ्याङ्क पठाउने विभिन्न बैंक कार्यालयहरुलाई निम्न अनुसार वर्गीकरण गरी ती कार्यालयहरुले देहाय बमोजिमको तथ्याङ्क फारमहरु पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

२.१ **ठूला शाखाहरु** : विदेशी मुद्रा नगद सटही कारोवार गर्ने, एजेन्सी बैंक मार्फत भुक्तानी हुने गरी ड्राफ्ट/टी.टी. बिक्री गर्ने, विदेशी मुद्राको चेक वा बैंक ड्राफ्ट खरीद गर्ने, विल कलेक्सनमा लिने तथा आयात/निर्यात एल.सी. सम्बन्धी कारोवार गर्ने बैंक शाखा कार्यालयहरुलाई "ठूला शाखा" भनी वर्गीकरण गरिएको छ । यी शाखा कार्यालयहरुको कारोवारको तथ्याङ्क विवरण यस निर्देशिकाको ने.शो.-२(क) र (ख) तथा ने.शो.-३ फाराममा उल्लेख गरी निर्देशित समय भित्र शोधनान्तर महाशाखामा पठाउनु पर्दछ । यी शाखाहरुको भा.रु. नगद कारोवार विवरण भने ने.शो.-१ फारममा छुट्टै पठाउनु पर्दछ ।

ठूला शाखाहरुले यस महाशाखालाई उपलव्ध गराउनु पर्ने ने.शो.-२(क) र (ख) तथा ने.शो.-३ तथ्याङ्क फारम विवरण तयार गर्दा प्रयोग गरेका कागजातहरु (supplementary documents) लाई स्पष्ट बुझिने गरी सुरक्षितसाथ राख्नु पर्दछ र यस महाशाखाबाट गरिने अनुगमनको सिलसिलामा आवश्यक परेमा उपलव्ध गराउनु पर्दछ ।

२.२ **साना शाखाहरु** : विदेशी मुद्राको नगद कारोवार गर्ने, तर एजेन्सी हिसावमा कारोवार नहुने बैंकका शाखाहरुलाई "साना शाखा" भनी वर्गीकरण गरिएको छ । यस्ता साना शाखाहरुले आफ्नो भा.रु. नगद कारोवार ने.शो.-१ फारममा भरी पठाउनु पर्दछ । तर, नगद विदेशी मुद्रा (भा.रु.बाहेक) कारोवार गरेको अवस्थामा सो को विवरण ने.शो.-२(क) र (ख) फारममा उल्लेख गरी पठाउनु पर्दछ ।

२.३ **सटही काउन्टरहरु** : बैंक कार्यालयबाट अलग रही भा.रु. नगद सटही कारोवार मात्र गर्ने बैंक कार्यालयहरुलाई "सटही काउन्टर" समूहमा वर्गीकरण गरिएको छ । यस्ता सटही

काउन्टरहरुले खरीद वा बिक्री गरेको रकमहरुको तथ्याङ्क ने.शो.-१ फारममा भरी पठाउनु पर्दछ ।

३. **<u>बैंकहरुले तथ्याङ्क पठाउनु पर्ने समय</u>** : सबै बैंक शाखाहरुले यस महाशाखालाई उपलब्ध गराउनु पर्ने सबै किसिमका तथ्याङ्क विवरणहरु मासिक रुपमा महिना समाप्त भएको सात दिन भित्र पठाउनु पर्दछ । तर, ठूला शाखाहरुमा धेरै कारोवार हुने भएकोले अनुगमन प्रयोजनको लागि ती शाखाहरुले ने.शो.-२(क) र (ख) फारमहरुको तथ्याङ्कको अभिलेख भने साप्ताहिक रुपमा नै राख्नु पर्दछ ।

४. **<u>तथ्याङ्क उल्लेख गर्ने विनिमय दर :</u>** बैंकहरुले विदेशी मुद्रा कारोवारलाई शोधनान्तर तथ्याङ्क विवरणमा उल्लेख गर्दा उक्त विदेशी मुद्रालाई खरीद दरले नेपाली रुपैयाँमा परिवर्तन गरी उल्लेख गर्नु पर्दछ ।

५. **<u>शोधनान्तर तथ्याङ्कको श्रोत तथा प्रयोजन खुलाउनु पर्ने दायित्व :</u>** विदेशी मुद्रा खरीद बिक्री कारोवारको श्रोत तथा प्रयोजन खुलाई पठाउनु पर्ने दायित्व "शुरु कारोवार गर्ने बैंक कार्यालय" को हुनेछ । यस निर्देशिकाको प्रयोजनका लागि, कुनै विदेशी मुद्रा खरीद/बिक्री कारोवारमा एउटै मात्र बैंक वा बैंक कार्यालय संलग्न भएको अवस्थामा सोही बैंक वा बैंक कार्यालयलाई नै "शुरु कारोवार गर्ने बैंक कार्यालय" सम्भनु पर्दछ । तर, एउटै विदेशी मुद्रा खरीद/बिक्री कारोवारमा दुई वा दुई भन्दा बढी बैंक वा बैंक कार्यालयहरु संलग्न भएको अवस्थामा, विदेशी मुद्रा प्राप्त (खरीद) वा भुक्तानी (बिक्री) गरी सो वापतको रकम नेपाली मुद्रामा भुक्तानी दिने वा प्राप्त गर्ने बैंकलाई "शुरु कारोवार गर्ने बैंक कार्यालय" मान्नु पर्दछ । यस अवस्थामा, शोधनान्तर तथ्याङ्कमा विदेशी मुद्रा खरीद वा बिक्रीको श्रोत वा प्रयोजन खुलाई पठाउनु पर्ने दायित्व "शुरु कारोवार गर्ने बैंक कार्यालय" को हुनेछ र अन्य संलग्न बैंक कार्यालयहरुले उक्त कारोवारलाई आवश्यकता अनुसार "अन्तर बैंक" शीर्षकमा खरीद/बिक्री जनाई पठाउनु पर्दछ । अर्थात, विदेशी मुद्रा खरीदको सन्दर्भमा, जुन बैंक वा बैंक कार्यालयले विदेशी मुद्रा प्राप्त (खरीद) गरी सो को वदलामा पार्टी वा आफ्नै अन्य कार्यालय वा स्थानीय अन्य बैंकलाई नेपाली मुद्रामा भुक्तानी उपलब्ध गराउँदछ, सोही बैंक वा बैंक कार्यालयलाई "शुरु कारोवार गर्ने बैंक कार्यालय" सम्भनु पर्दछ । यसैगरी, विदेशी

मुद्रा बिक्रीको सन्दर्भमा, जुन बैंक वा बैंक कार्यालयले पार्टीबाट नेपाली मुद्रा प्राप्त गरी सो को वदलामा पार्टीलाई सोझै वा पार्टीले अनुरोध गरेको पक्षलाई विदेशी मुद्रा (ड्राफ्ट, टि.टि., यात्रु चेक जस्ता कागजात समेत) उपलब्ध गराउंदछ सोही बैंक वा बैंक कार्यालयलाई "शुरु कारोवार गर्ने बैंक कार्यालय" सम्झनु पर्दछ ।

उदाहरणका लागि, कुनै बैंक शाखाले पर्यटकबाट यात्रु चेक खरीद गरेको र सो शाखाको आफ्नो छुट्टै एजेन्सी नभएको कारणले उक्त यात्रु चेक केन्द्रीय कार्यालयको एजेन्सी हिसावमा जम्मा हुने गरी पठाएको रहेछ भने यस अवस्थामा, उक्त यात्रु चेकको रकमलाई सो बैंक शाखाले "पर्यटकबाट खरीद" शीर्षकमा जनाउनु पर्दछ भने केन्द्रीय कार्यालयले "अन्तर बैंक खरीद" शीर्षकमा जनाउनु पर्दछ । यसैगरी, कुनै बैंक वा बैंक कार्यालयले विदेशबाट विदेशी मुद्रामा विप्रेषण प्राप्त गरी सो को वदलामा सम्वन्धित पार्टीलाई सोझै वा सम्वन्धित पार्टीलाई भुक्तानी गर्ने गरी आफ्नो अन्य कार्यालय वा अन्य बैंकलाई नेपाली मुद्रामा रकम उपलब्ध गराएको अवस्थामा, त्यसरी विदेशी मुद्रा प्राप्त गरी नेपाली मुद्रा उपलब्ध गराउने पहिलो बैंक कार्यालयले सो रकमलाई विप्रेषण शीर्षकमा खरीद भनी जनाउनु पर्दछ भने पहिलो बैंक वा बैंक कार्यालयबाट नेपाली मुद्रामा रकम प्राप्त गरी सम्वन्धित पार्टीलाई भुक्तानी गर्ने पछिल्ला बैंक वा बैंक कार्यालयले शोधनान्तर तथ्याङ्कमा केही उल्लेख गर्नु पर्दैन ।

तर, कुनै बैंकले विदेशबाट विदेशी मुद्रामा विप्रेषण प्राप्त गरी सम्वन्धित पार्टीलाई भुक्तानी गर्ने गरी अन्य स्थानीय बैंकलाई विदेशी मुद्रामा नै रकम उपलब्ध गराएको अवस्थामा भने पहिलो बैंकले अन्तर बैंक खरीद तथा बिक्रीमा र पछिल्लो बैंकले विप्रेषण शीर्षकमा खरीद भनी जनाउनु पर्दछ ।

यसैगरी, कुनै बैंक कार्यालयले पार्टीबाट नेपाली मुद्रा लिई आफ्नै वा आफ्नो केन्द्रीय कार्यालयको एजेन्सी हिसाव क्रेडिट हुने गरी विदेशी मुद्राको ड्राफ्ट, टि.टि., यात्रु चेक जस्ता कागजात जारी गरेको अवस्थामा, त्यस्तो कागजात जारी गर्ने बैंक कार्यालयले

शोधनान्तर तथ्याङ्कको सम्वन्धित शीर्षकको बिक्री कलममा जनाउनु पर्दछ । साथै, यस्तो कारोवार मध्ये केन्द्रीय कार्यालयको एजेन्सी हिसाव क्रेडिट हुने गरी त्यस्तो कागजात जारी गरेको भएमा मात्र केन्द्रीय कार्यालयले त्यस्तो कारोवार रकमलाई अन्तर बैंक बिक्री शीर्षकमा जनाउनु पर्दछ, अन्यथा यस्तो कारोवारलाई केन्द्रीय कार्यालयले शोधनान्तर तथ्याङ्कमा उल्लेख गर्नु पर्दैन ।

६. **वैदेशिक निक्षेप दायित्व :** विदेशीहरुले बैंकमा खोलेको विदेशी तथा स्वदेशी दुवै मुद्राको खातालाई बैंकको वैदेशिक निक्षेप दायित्व मान्नु पर्दछ । तर, बैंकमा नेपालीले खोलेको विदेशी मुद्राको खातालाई भने अन्तर्राष्ट्रिय मुद्रा कोषको निर्देशिका अनुसार स्वदेशी (domestic) निक्षेप दायित्व मान्नु पर्दछ । यद्यपी, बाणिज्य बैंकहरुले उक्त खातालाई पनि वैदेशिक निक्षेप दायित्वमा गणना गर्ने गरेको हुँदा यस्तो अवस्था भएसम्मको लागि नेपाली नागरिकको विदेशी मुद्राको खातालाई ने.शो.-३ फारमको "अन्य डिपोजिट" अन्तर्गत समावेश गरी पठाउनु पर्दछ। कुनै विदेशीको विदेशी मुद्रा खाताबाट अर्को विदेशीको नेपाली रुपैयाँ खातामा रकमान्तर (Transfer) भएमा यस्तो रकमलाई बैंकले विदेशी मुद्रा खरीद नजनाई वैदेशिक निक्षेप खाता बीच रकमान्तर भनी जनाउनु पर्दछ। तर, विदेशीको विदेशी मुद्रा तथा नेपाली रुपैयाँ खाताबाट नेपालीको खातामा रकमान्तर भएको रकमलाई भने ने.शो.-३ फारमको "नेपाल भित्र खर्च" कलममा जनाउनु पर्दछ । तर, एउटा स्थानीय बैंकले अर्को स्थानीय बैंकमा खाता खोली जम्मा गरेको विदेशी मुद्रा रकमलाई खातावाला बैंकको वैदेशिक सम्पत्ति तथा खाता रहेको बैंकको वैदेशिक दायित्व सरह मान्नु पर्दछ।

७. **फा.नं. ने.शो.-१ :** यो फारम भारतीय रुपियाँ नगद खरीद बिक्री कारोवारको मासिक तथ्याङ्क विवरण हो । बैंक कार्यालयस्थित नगद काउन्टर, सटही काउण्टर र अन्य मनिचेञ्जरहरुले खरीद बिक्री गरेको नगद भा.रु. कारोवार रकम तथा बैंकहरुबीच हुने अन्तरबैंक नगद भा.रु. कारोवार रकमलाई एकमुष्ठ यस फारममा सम्बन्धित शीर्षक तथा कलममा उल्लेख गर्नु पर्दछ । यस फारममा तथ्याङ्क भर्नु भन्दा पहिले तथ्याङ्क पठाउने निकायको नाम, शाखा र कोड नम्बर समेत अनिवार्य रुपमा उल्लेख गर्नु पर्दछ । बैंक शाखा, सटही काउण्टर र मनिचेञ्जरहरुले प्रत्येक महिनाको कारोवार यस फारममा भरी मासिक रुपमा पठाउनु पर्दछ। यस फारमको नेपाली र अंग्रेजीको नमुना यस निर्देशिकाको अनुसूची-१ मा संलग्न गरिएको छ । यस फारमका विभिन्न शीर्षक तथा कलमहरुको व्याख्या निम्न अनुसार प्रस्तुत गरिएको छ।

७.१ <u>शीर्षकहरुको व्याख्या :</u>

७.१.१ **पार्टी सँग/लाई खरीद/बिक्री** : बैंक शाखा, सटही काउन्टर वा मनिचेञ्जरहरुले नेपाली वा भारतीय पार्टीहरुसँग खरीद गरेको भा.रु. रकम बराबर हुने नेपाली रुपैयाँ खरीद कलम तर्फ र पार्टीहरुलाई बिक्री गरेको भा.रु. रकम बराबर हुने नेपाली रुपैयाँ बिक्री कलम तर्फ उल्लेख गर्नु पर्दछ ।

७.१.२ **बैंक सँग/लाई खरीद/बिक्री** : भा.रु. खरीद/बिक्री कारोवार पार्टीहरुसँग नभई बैंक शाखा, भा.रु. कोष, सटही काउण्टर र मनिचेञ्जरहरुसँग भएको भए सो रकम यस शीर्षक अन्तर्गत खरीद वा बिक्री कलममा देखाउनु पर्दछ ।

७.१.३ **जम्मा** : जम्मा कलममा शुरु मौज्दात, खरीद गरिएको कूल रकम, बिक्री गरिएको कूल रकम र अन्तिम मौज्दात देखाउनु पर्दछ । शुरु मौज्दातमा कूल खरीद रकम जोडेर कूल बिक्री रकम घटाउँदा अन्तिम मौज्दातसँग मेल खानु पर्दछ ।

यस ने.शो.-१ फाराममा भारतीय रुपियाँ खरीद/बिक्री कारोवारको तथ्याङ्क उल्लेख गरिने भएता पनि यस्मा अंकित गरिने रकमहरु भा.रु.मा उल्लेख नगरी कारोवार भएको सम्पूर्ण भा.रु. रकम बराबर हुन आउने नेपाली रुपैयाँलाई हजारको अंकमा उल्लेख गर्नु पर्दछ ।

८. <u>फा.नं.ने.शो.-२(क) :</u> यो फारम बैंकहरुको विदेशी मुद्रा कारोवार (भा.रु. नगद बाहेक) को तथ्याङ्क विवरण हो । बैंकद्वारा गरिएको विदेशी मुद्रा कारोवारलाई शीर्षक अनुसार छुट्टा छुट्टै टिपोट गर्नु पर्दछ । विदेशी मुद्रा कारोवार गर्दा बैंकहरुले खरीद गरेको विदेशी मुद्राको श्रोत पत्ता लगाई उक्त रकमलाई सम्वन्धित शीर्षकको खरीद कलममा तथा बिक्री भएको विदेशी मुद्राको बिक्रीको प्रयोजन अनुसार उक्त रकमलाई सम्वन्धित शीर्षकको बिक्री कलममा देखाउनु पर्दछ । यसरी विदेशी मुद्रा खरीद तथा बिक्री कारोवारलाई सम्वन्धित शीर्षक र कलममा उल्लेख गर्दा परिवर्त्य र अपरिवर्त्य मुद्रा (भा.रु.) को खरीद/बिक्री कारोवारलाई बेग्ला बेग्लै कलमहरुमा टिपोट गर्नु पर्दछ । फाराममा रकम उल्लेख गर्दा कारोवार भएको विदेशी मुद्रा बराबर हुन आउने नेपाली रुपैयाँलाई हजारको अंकमा उल्लेख गर्नु पर्दछ । यस ने.शो.-२(क) फारमको नेपाली र अंग्रेजीको नमूना यस निर्देशिकाको अनुसूची-२ मा संलग्न गरिएको छ । यस फारमका विभिन्न शीर्षकहरुको कोड नंम्बर र व्याख्या निम्न अनुसार छन् ।

८.१ **शीर्षकहरुको व्याख्या :**

१००००० **निर्यात** : मालसामानहरु विदेशमा निकासी गरे वापत प्राप्त हुने विदेशी मुद्रा रकमलाई यस शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यस शीर्षक अन्तर्गत बिक्री कलममा भने कुनै पनि रकम आउनु हुदैन ।

निर्यात शीर्षकलाई निम्न अनुसार तीन उप-शीर्षकमा वर्गीकरण गरिएको छ :

१००१०० **निर्यात अग्रिम भुक्तानी** : निर्यात प्रतित-पत्र (Export L.C.) अन्तर्गत मालसामानहरु निकासी हुनु अगावै उक्त मालसामानको अग्रिम भुक्तानी स्वरुप बैंकलाई रकम प्राप्त भएमा यस्तो रकमलाई यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ ।

१००२०० **निर्यात विलको भुक्तानी** : निर्यात प्रतित-पत्र अन्तर्गत निकासी भएका मालसामानहरुको बाँकी भुक्तानी बैंकलाई प्राप्त भएमा उक्त रकमलाई यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ ।

१००३०० **अन्य निर्यात भुक्तानी** : निर्यात प्रतित-पत्र बाहेक अन्य व्यवस्थाबाट मालसामान निकासी गरे वापत भुक्तानी प्राप्त हुन आएको रकमलाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । यस शीर्षक अन्तर्गतका केही उप-शीर्षकहरुको व्याख्या निम्न अनुसार गरिएको छ ।

१००३०१ **इन्धन तेलको स्थानीय बिक्री** : विदेशी एयरलाइन्सहरुलाई विदेशी मुद्रामा बिक्री गरिएको हवाई इन्धन तथा नेपाल अधिराज्यमा रहेका विदेशी कुटनैतिक नियोगहरुलाई परिवहन इन्धन बिक्री गरे वापत प्राप्त विदेशी मुद्रा रकमलाई यस शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ ।

१००३०२ **निर्यातमा बीमा दावी** : निकासी गरिएको मालसामान गन्तव्य स्थलसम्म पुग्न नसकी बाटैमा पूर्ण वा आंशिक रुपले नष्ट भए वापत बीमा कम्पनीले “बीमा दावी” वापत उपलब्ध गराएको विदेशी मुद्रा रकमलाई यस शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ ।

१००३०३ **आयातमा बीमा दावी** : आयात गरिएको मालसामान गन्तव्य स्थलसम्म आई नपुग्दै बाटैमा पूर्ण वा आंशिक रुपले नष्ट भए वापत बीमा कम्पनीले "बीमा दावी" वापत उपलव्ध गराएको विदेशी मुद्रा रकमलाई यस शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ ।

१००३०४ **अन्य** : निर्यात प्रतित-पत्र बाहेक अन्य व्यवस्थाबाट निकासी भएको र माथी उल्लेख गरिएका शीर्षकहरुमा पनि नपर्ने मालसामानको भुक्तानी वापत प्राप्त हुन आएको विदेशी मुद्रा रकमलाई यस शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ ।

मालसामान निर्यात गरे वापत सम्बन्धित शीर्षक वा उप-शीर्षकमा आम्दानी देखाई सकेको रकम कारणवश आंशिक वा पूर्ण रुपले फिर्ता गर्नु परेमा यस्तो रकमलाई सोही शीर्षक वा उप-शीर्षकको खरीद कलममा देखाईएको रकमबाट घटाई बाँकी रकम मात्र देखाउनु पर्दछ । यसरी फिर्ता गरेको रकम, आम्दानी रकम भन्दा अधिक भएमा उक्त अधिक रकमलाई ऋणात्मक (-) चिन्ह दिई उल्लेख गर्नु पर्दछ ।

११०००० **यातायात** : यस शीर्षकमा स्थानीय एयरलाइन्स तथा स्थल यातायात बाट/लागि भएको विदेशी मुद्रा आम्दानी/खर्चलाई निम्न अनुसार सम्बन्धित कलममा उल्लेख गर्नु पर्दछ ।

११०१०० **स्थानीय एयरलाईन्स** : स्थानीय एयरलाईन्सले आर्जन गरेको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । यसैगरी, स्थानीय एयरलाईन्सले खर्च गरेको रकमलाई यस उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

११०२०० **स्थल यातायात** : नेपाली स्थल यातायात कम्पनी (Transport Company) हरुले विदेशमा अथवा विदेशीलाई स्वदेशमा परिवहन सेवा उपलव्ध गराई आर्जन गरेको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । यसैगरी, विदेशी स्थल यातायात कम्पनीहरुलाई भुक्तानी गरिएको विदेशी मुद्रा रकम यस उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१२०००० **भ्रमण** : यस शीर्षक अन्तर्गतका विभिन्न उप-शीर्षकहरुको व्याख्या निम्न अनुसार छन् :

१२०१०० **पर्यटक** : दृश्यावलोकन, मनोरञ्जन वा तीर्थाटन उद्देश्यले नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरुले बैंकमा सटही गरेको विदेशी मुद्रा नगद, ड्राफ्ट, यात्रु चेक आदिको रकमलाई यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यस्तै, नेपालीहरु विदेश भ्रमणमा जान सटही गरेको विदेशी मुद्रा बराबरको रकम यस उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१२०२०० **स्थानीय होटल** : स्थानीय होटलहरुले पर्यटकहरुबाट आम्दानी गरेको विदेशी मुद्रा नगद, यात्रु चेक, ड्राफ्ट आदि बैंकमा जम्मा गर्न ल्याएमा सो रकम यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यस उप-शीर्षक अन्तर्गत बिक्री कलममा कुनै पनि रकम आउनु हुदैन । आफ्नो व्यवसाय प्रवर्द्धनको सिलसिलामा होटललाई उपलब्ध गराइएको विदेशी मुद्रा रकमलाई प्रयोजन अनुसार अन्य सम्वन्धित शीर्षकको बिक्री कलममा देखाउनु पर्दछ । उदाहरणको लागि कुनै होटलले आफ्नो होटल विस्तारको लागि मालसामान आयात (Import) गरेमा “स्थानीय होटल” शीर्षकको खर्च कलममा रकम उल्लेख नगरी यस फारमको “आयात” शीर्षकको खर्च कलममा देखाउनु पर्दछ । यसैगरी, उक्त होटलले व्यवसाय प्रवर्द्धनको लागि आफ्ना कर्मचारीलाई तालिम तथा सेमिनारमा विदेश पठाउँदा लागेको विदेशी मुद्रा खर्च रकमलाई “स्थानीय होटल” शीर्षकमा उल्लेख नगरी क्रमशः कोड नं. १२०५०० “शिक्षा” तथा कोड नं. १२०६०० “व्यापार भ्रमण” शीषर्कको खर्च कलमहरुमा उल्लेख गर्नु पर्दछ ।

१२०३०० **स्थानीय ट्राभल एजेन्सी** : स्थानीय ट्राभल एजेन्सीहरुले विदेशी पर्यटकहरुलाई सेवा उपलव्ध गराई आर्जन गरेको विदेशी मुद्रा बैंकमा जम्मा गर्न ल्याएमा यस उप-शीर्षकको खरीद कलममा र यस्ता एजेन्सीहरुलाई उपलव्ध गराएको विदेशी मुद्राको रकम बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१२०४०० **स्थानीय ट्रेकिंङ्ग तथा र्‍याफ्टीङ्ग एजेन्सी** : स्थानीय ट्रेकिङ्ग तथा र्‍याफ्टीङ्ग एजेन्सीहरुले पनि स्थानीय ट्राभल एजेन्सी सरह विदेशीहरुलाई सेवा उपलव्ध गराई आर्जन गरेको विदेशी मुद्रा बैंकमा जम्मा गर्न ल्याएमा यस उप-शीर्षकको खरीद कलममा र यस्ता एजेन्सीहरुलाई उपलव्ध गराएको विदेशी मुद्राको रकम बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१२०५०० **शिक्षा** : नेपालस्थित शिक्षण संस्थामा अध्ययनको लागि विदेशीहरुबाट प्राप्त विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा तथा विदेशी शिक्षण संस्थामा अध्ययन गर्नको लागि नेपालीलाई उपलव्ध गराइएको विदेशी मुद्रा रकमलाई बिक्री कलममा देखाउनु पर्दछ ।

१२०६०० **व्यापार भ्रमण** : नेपालमा आयोजित गोष्ठी, सेमिनार तथा प्रर्दशनीमा सहभागी हुन आएका विदेशीहरुले सटही गरेको विदेशी मुद्रा रकमलाई यस उपशीषर्कको खरीद कलममा तथा कुनै व्यवसाय प्रवर्द्धनको सिलसिलामा विदेशमा आयोजित गोष्ठी, सेमिनार तथा प्रर्दशनीमा भाग लिने उद्देश्यले नेपालीहरुले सटही गरी लगेको विदेशी मुद्रा रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१२०७०० **औषधि उपचार** : नेपालमा औषधि उपचारका लागि विदेशीहरुबाट प्राप्त विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा तथा विदेशमा औषधि उपचार गराउनको लागि नेपालीलाई उपलव्ध गराइएको विदेशी मुद्रा रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१२०८०० **पासपोर्ट** : विदेश भ्रमणमा जाँदा नेपालीहरुलाई पासपोर्ट सुविधा अन्तर्गत उपलव्ध गराइएको विदेशी मुद्रा रकमलाई मात्र यस उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ । यस उप-शीर्षक अन्तर्गत खरीद कलममा भने कुनै पनि रकम आउनु हुदैन ।

१२०९०० **यात्री बाट/लाई फिर्ता** : नेपालीहरु विदेश भ्रमणमा जाँदा सटही गरी लगेको विदेशी मुद्रा मध्ये खर्च भई बाँकी रहेको रकम सटही गर्न ल्याएमा सो रकमलाई यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यसैगरी, नेपाल भ्रमणमा आएका विदेशी यात्रीहरु नेपालबाट फर्की जाँदा उनीहरुसँग बाँकी रहेको नेपाली मुद्रा प्रचलित नियमानुसार सटही गरी विदेशी मुद्रा उपलव्ध गराउँदा त्यस्तो रकमलाई विक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१२१००० **अन्य** : भ्रमण शीर्षक अन्तर्गत पर्ने तर, उपरोक्त उप-शीर्षकहरुले समेट्न नसकेका अन्य कुनै उद्देश्य वा प्रयोजनको लागि विदेशी मुद्रा खरीद वा बिक्री भएमा बैंकले त्यस्तो विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको क्रमशः खरीद वा बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१३०००० **श्रम तथा पूँजी लगानीबाट आम्दानी/खर्च** : नेपालीले विदेशमा तथा विदेशीले नेपालमा पूँजी लगानी तथा श्रम गरी प्राप्त गरेको विदेशी मुद्रा रकमलाई यस शीर्षकको क्रमशः खरीद तथा बिक्री कलममा उल्लेख गर्नु पर्दछ । उपरोक्त लगानीको मूल रकम भने यस फारमको कोड नं. १७०००० "प्रत्यक्ष विदेशी लगानी" शीर्षकमा उल्लेख गर्नु पर्दछ ।

पूँजी लगानीबाट हुने आम्दानी/खर्चलाई "सरकारी" र "निजी" गरी दुई क्षेत्रमा वर्गीकरण गरी प्रत्येक क्षेत्रको लागि दुई उप-शीषर्कको व्यवस्था गरिएको छ । यसैगरी, श्रमबाट प्राप्त हुने पारिश्रमिक तथा ज्यालाका लागि छुट्टै शीर्षकको व्यवस्था गरिएको छ ।

१३०१०० **सरकारी क्षेत्र** : सरकारी क्षेत्रबाट विदेशमा लगानी गरी प्राप्त गरेको प्रतिफल र विदेशीहरुले नेपालको सरकारी क्षेत्रमा लगानी गर्दा तिर्नु पर्ने व्याज यस शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्दछ । यस शीर्षक अन्तर्गत निम्न दुई उप-शीर्षकको व्यवस्था गरिएको छ ।

१३०१०१ **बैंक लगानीको व्याज** : श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकले विदेशी बैंक निक्षेपमा गरेको लगानीमा आर्जित व्याजलाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ ।

यसैगरी, नेपाल राष्ट्र बैंकमा रहेको विदेशीहरुको निक्षेपमा कुनै व्याज रकम भुक्तानी भएमा सो रकमलाई यस उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु  पर्दछ ।

१३०१०२ **अन्य लगानीको व्याज/लाभांश आदि** : श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकले विदेशी बैंक निक्षेप  बाहेक अन्य विदेशी शेयर, डिवेन्चर, बण्ड आदिमा गरेको लगानीमा आर्जित व्याज/लाभांस आदिलाई यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यसैगरी, श्री ५ को सरकार र नेपाल राष्ट्र बैंकले लिएको विदेशी

ऋणको व्याज भुक्तानी गर्दा यस उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१३०२०० **निजी क्षेत्र** : श्री ५ को सरकार र नेपाल राष्ट्र बैंक बाहेक अन्य बैंक तथा निजी संघ-संस्थाहरुले विदेशमा लगानी गरी प्राप्त गरेको ब्याज, लाभांश आदि र यसैगरी नेपालका बैंक तथा निजी संघ-संस्थाहरुमा विदेशीले गरेको लगानीमा भुक्तानी गरिएको ब्याज, लाभांश आदि यस शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्दछ । यस शीर्षक अन्तर्गत निम्न दुई उप-शीर्षकको व्यवस्था गरिएको छ ।

१३०२०१ **बैंक लगानीको व्याज** : स्थानीय बाणिज्य बैंकहरुले विदेशी एजेन्सी बैंकमा लगानी गरी प्राप्त गरेको व्याज र स्थानीय बाणिज्य बैंकमा विदेशीहरुले विदेशी मुद्रामा खोलेको खातामा भुक्तानी गरिएको ब्याज रकम क्रमशः यस उप-शीर्षकको खरीद र बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१३०२०२ **अन्य लगानीको व्याज, लाभांश, मुनाफा आदि** : स्थानीय बाणिज्य बैंक तथा अन्य संघ-संस्थाहरुले विदेशमा शेयर, डिवेन्चर, बण्ड आदिमा लगानी गरी प्राप्त गरेको व्याज, लाभांश आदि रकम यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यसैगरी, स्थानीय बाणिज्य बैंक तथा संघ-संस्थाहरुले लिएको विदेशी ऋणको ब्याज भुक्तानी गर्दा, नेपालमा भएको विदेशी लगानीमा विदेशी लगानीकर्ताले प्राप्त गरेको लाभांश, अवितरित नाफा (Retained earnings) आदि बिक्री कलममा जनाउनु पर्दछ । साथै, विदेशी लगानीकर्ताले नेपालमा जल विद्युत आयोजनामा लगानी गरी उत्पादित विद्युत खरीद गर्दा भुक्तानी भएको विदेशी मुद्रा पनि यसै उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१३०३०० **पारिश्रमिक तथा ज्याला** : नेपालीले विदेशमा छोटो अवधिको लागि (१ वर्ष भन्दा कम) काम गरी कमाई ल्याएको पारिश्रमिक तथा ज्यालालाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । यसैगरी, नेपालमा छोटो अवधिका लागि कार्यरत विदेशीहरुलाई उपलब्ध गराइएको पारिश्रमिक तथा ज्यालालाई बिक्री कलममा देखाउनु पर्दछ ।

१४०००० **सरकारी कारोवार अन्यत्र नपरेको** : अन्यत्र नपरेका सरकारी कारोवारलाई समेट्न निम्न अनुसार दुई उप-शीर्षकको व्यवस्था गरिएको छ :

१४०१०० **विदेशस्थित नेपाली कूटनैतिक नियोगहरु** : विदेशस्थित श्री ५ को सरकारका कूटनैतिक नियोगबाट भएको विदेशी मुद्रा आम्दानी रकमलाई यस उप-शीर्षकको खरीद कलममा तथा नेपालबाट उक्त नियोगहरुको खर्चको लागि पठाइएको रकम बिक्री कलममा देखाउनु पर्दछ । तर, यी नियोगहरुले विदेशमा संकलन गरेको अध्यागमन (visa) तथा पर्वतारोहण शुल्क आदि जस्ता रोयल्टी रकमलाई भने छुट्याउन संभव भएसम्म यस उप-शीर्षकमा उल्लेख नगरी यस फारमको कोड नं. १५०८०० "रोयल्टी" उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ ।

१४०२०० **अन्य** : अन्यत्र कही कतै छुट्याई देखाउन नसकिने सरकारी क्षेत्रको विदेशी मुद्रा आम्दानी/खर्चलाई यस उप-शीर्षकको क्रमशः खरीद तथा बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१५०००० **अन्य सेवा** : यस शीर्षकलाई निम्न अनुसारको उप-शीर्षकहरुमा वर्गीकरण गरिएको छ :

१५०१०० **वस्तुहरुको मर्मत तथा सम्भार** : स्वदेशमा विदेशीहरुको मालसामान मर्मत तथा सम्भार गरे वापत आम्दानी भएको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यसैगरी, नेपालीले विदेशमा मालसामान मर्मत तथा सम्भार गराउँदा खर्च भएको विदेशी मुद्रा रकम बिक्री कलममा उल्लेख गर्नु पर्दछ । वस्तुहरुको मर्मत तथा सम्भारको सिलसिलामा छुट्टै खुल्ने गरी कुनै पार्टपुर्जा जडान गरिएको रहेछ भने त्यस्तो पार्टपूर्जाको मूल्य बराबरको रकम यस उप-शीषर्कमा नदेखाई निर्यात वा आयात शीर्षकको क्रमशः खरीद वा बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१५०२०० **बीमा सेवा** : विदेशीहरुलाई जीवन तथा निर्जीवन बीमा सेवा उपलब्ध गराए वापत स्वदेशी बीमा कम्पनीहरुलाई प्रिमियम स्वरुप प्राप्त हुने विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । यसैगरी, बीमा सेवा उपभोग गरे

वापत विदेशी बीमा कम्पनीहरुलाई प्रिमियम स्वरुप भुक्तानी भएको विदेशी मुद्रा रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ । तर, बीमा दावी (Insurance Claim) वापत प्राप्त भएको वा भुक्तानी गरेको विदेशी मुद्रा रकम भने यस उप-शीर्षकमा नदेखाई कोड नं. १६०२०५ "बीमा दावी" अन्तर्गत उल्लेख गर्नु पर्दछ ।

१५०३०० **निर्माण सेवा** : ठेक्का-पट्टा कारोवार अन्तर्गत नेपाली कम्पनीले विदेशमा निर्माण सेवा उपलव्ध गराई प्राप्त गरेको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा तथा विदेशी कम्पनीले नेपालमा यस्तो सेवा उपलव्ध गराए वापत भुक्तानी गरिएको विदेशी मुद्रा रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१५०४०० **व्यवसायिक तथा प्राविधिक सेवा** : नेपाली व्यक्ति, फर्म वा कम्पनीले विदेशमा व्यवसायिक तथा प्राविधिक सेवा उपलव्ध गराई आर्जन गरेको विदेशी मुद्रा रकम र विदेशी व्यक्ति, फर्म वा कम्पनीले यस्तो सेवा उपलव्ध गराए वापत भुक्तानी गरिएको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको क्रमशः खरीद र बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१५०५०० **संचार, सूचना तथा विज्ञापन सेवा** : विदेशीहरुलाई संचार, सूचना तथा विज्ञापन सेवा उपलव्ध गराए वापत आम्दानी भएको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा र विदेशीहरुबाट यस्ता सेवाहरु उपभोग गरे वापत भुक्तानी गरिएको विदेशी मुद्रा रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१५०६०० **पत्र-पत्रिका तथा छपाई खर्च** : पत्र-पत्रिका विदेश पठाउँदा र विदेशीलाई छपाई सेवा उपलव्ध गराए वापत आम्दानी भएको विदेशी मुद्रा रकम यस उप-शीर्षकको खरीद कलममा र विदेशबाट झिकाइने पत्र-पत्रिका तथा विदेशमा कुनै छपाई सम्बन्धी कार्य गराए वापत भुक्तानी भएको विदेशी मुद्रा रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१५०७०० **कमिशन, डिस्काउण्ट, फीस तथा अन्य शुल्क** : कुनै वस्तु वा सेवा विदेशीलाई उपलव्ध गराउँदा अथवा विदेशीबाट प्राप्त गर्दा कमिशन, डिस्काउन्ट, फीस तथा अन्य शुल्क वापत आम्दानी वा खर्च भएको विदेशी मुद्रा रकमलाई उक्त वस्तु वा

सेवासँग सम्बन्धित मूल शीर्षकमा उल्लेख नगरी यस उप-शीर्षकको क्रमशः खरीद तथा बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१५०८०० **रोयल्टी** : राजस्व, सलामी तथा अन्य सरकारी दस्तुर र व्यक्तिगत प्रतिलिपि अधिकार (Copy Right) आदि वापत आम्दानी/खर्च भएको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको क्रमशः खरीद र बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१५०९०० **अन्य** : उपरोक्त उप-शीर्षकहरुमा छुट्याई उल्लेख गर्न नसकिने सेवा सम्बन्धी सानातिना आम्दानी तथा खर्च भएका विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको क्रमशः खरीद र बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१६०००० **ट्रान्सफर** : कुनै वस्तु वा सेवा उपलब्ध गरे/गराए वापत आम्दानी वा खर्च हुने विदेशी मुद्रा रकम बाहेक अनुदान सहायता, दान-दातव्य, चन्दा, उपहार आदि जस्ता एक तर्फी भुक्तानी हुने रकमहरुलाई यस शीर्षकमा समावेश गर्नु पर्दछ । यस शीर्षकलाई निम्न अनुसार सरकारी र निजी गरी दुई क्षेत्रमा वर्गीकरण गरिएको छ ।

१६०१०० **सरकारी क्षेत्र** : यस क्षेत्र अन्तर्गत निम्न तीन उप-शीषर्कको व्यवस्था गरिएको छ :

१६०१०१ **भारतीय अन्तःशुल्क फिर्ता** : नेपाली व्यापारीहरुले बैंक मार्फत भारतबाट सामान आयात गर्दा उक्त सामानमा लागेको भारतीय अन्तःशुल्क रकम भारत सरकारले श्री ५ को सरकारलाई फिर्ता गरे वापत प्राप्त हुने विदेशी मुद्रा रकम यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यस उप-शीर्षक अन्तर्गत बिक्री कलममा भने कुनै पनि रकम आउनु हुदैन ।

१६०१०२ **आयोजना अनुदान सहायता** : श्री ५ को सरकारबाट संचालित आयोजनाहरुको लागि विदेशी दातृ निकायहरुद्वारा प्राप्त भएको अनुदान सहायता रकमलाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । यसैगरी, विदेशमा संचालित आयोजनाका लागि श्री ५ को सरकारद्वारा उपलब्ध गराइएको अनुदान सहायतालाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१६०१०३ अन्य अनुदान सहायता : विदेशी सरकारले श्री ५ को सरकारलाई अथवा श्री ५ को सरकारले विदेशी सरकारलाई आयोजना संचालन बाहेक अन्य कुनै प्रयोजनको लागि विदेशी मुद्रामा उपलब्ध गराएको अनुदान सहायतालाई यस उप-शीर्षकको क्रमशः खरीद तथा बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१६०२०० **निजी क्षेत्र** : यस क्षेत्र अन्तर्गत निम्न चार उप-शीर्षकको व्यवस्था गरिएको छ :

१६०२०१ **एन.जी.ओ.लाई नगद तथा विप्रेषण** : स्थानीय एन.जी.ओ. (गैर-सरकारी संघ-संस्था) को नाममा विदेशबाट विप्रेषण प्राप्त भएमा अथवा अधिराज्य भित्र नै विदेशीहरुबाट तिनीहरुलाई नगद विदेशी मुद्रा प्राप्त भएमा त्यस्तो रकमलाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । यस उप-शीर्षकको बिक्री कलममा भने कुनै पनि रकम आउनु हुदैन । गैर सरकारी संघ-संस्थाहरुले विदेशी मुद्रामा गरेको खर्च रकमलाई भने प्रयोजन अनुसार सम्वन्धित शीर्षक/उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१६०२०२ **व्यक्तिगत विप्रेषण** : एन.जी.ओ. बाहेक अन्य नेपाली व्यक्तिहरुलाई प्राप्त हुने विप्रेषण वा नगद विदेशी मुद्रा रकमको श्रोत नखुलेमा यस्तो रकमलाई यस उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । यस्तो विप्रेषण रकम सम्बन्धी आम्दानीको श्रोत तथा खर्चको प्रयोजन खुलाउन सकिने भएमा सोहि वमोजिम शीर्षक/उप-शीर्षकहरुको क्रमशः खरीद तथा बिक्री कलममा उल्लेख गर्नु पर्दछ । नेपालीहरुले विदेशमा काम गरी परिवारलाई पठाउने रकम पनि यसै उप-शीर्षकको खरीद कलममा देखाउनु पर्दछ । साथै, स्थानीय मनी ट्रान्सफर एजेन्सीहरु तथा मनी ट्रान्सफर एजेन्सीको एजेन्ट भई काम गर्ने स्थानीय ट्राभल एजेन्सीहरुले मनी ट्रान्सफर सम्बन्धी रकम जम्मा गर्न ल्याएमा यस उप-शीर्षकमा आम्दानी देखाउनु पर्दछ । यसैगरी, विदेशीहरुले नेपालमा एक वर्षभन्दा बढी समय काम गरी उनीहरुको परिवारलाई पठाएको विदेशी मुद्रा रकम बिक्री कलममा देखाउनु पर्दछ ।

१६०२०३ **पेन्सन** : नेपालीहरुलाई विदेशबाट प्राप्त पेन्सन (निवृत्तिभरण) रकमलाई यस उप-शीर्षकको खरीद कलममा उल्लेख गर्नु पर्दछ । यस उप-शीर्षकको बिक्री कलममा भने कुनै रकम आउनु हुदैन ।

१६०२०४ **दान-दातव्य, चन्दा, उपहार आदि** : नेपालीहरुले विदेशी मुद्रामा प्राप्त गरेको दान-दातव्य, चन्दा, उपहार आदि जस्ता रकमलाई यस उप-शीर्षकको खरीद कलममा तथा नेपालीले विदेशीहरुलाई उपलव्ध गराएको यस्तो रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१६०२०५ **बीमा दावी** : नेपाली व्यक्ति वा बीमा कम्पनीहरुले विदेशी बीमा कम्पनीहरुमा बीमा वा पुनरबीमा गरेकोमा बीमा दावी वापत प्राप्त रकम यस उप-शीर्षकको खरीदतर्फ र नेपाली बीमा कम्पनीहरुले बीमा दावी वापत विदेशीहरुलाई भुक्तानी गरेको रकम बिक्री तर्फ देखाउनु पर्दछ । तर, सामान निर्यात वा आयातको बीमा दावी वापतको रकम भने यस उप-शीर्षकमा उल्लेख नगरी क्रमशः कोड नं. १००३०२ र १००३०३ मा उल्लेख गर्नु पर्दछ ।

१७०००० **प्रत्यक्ष विदेशी लगानी** : यस शीर्षकलाई निम्न तीन उप-शीर्षकहरुमा वर्गीकरण गरिएको छ :

१७०१०० **पूँजीगत सहभागिता** : विदेशी व्यक्ति, फर्म, कम्पनी तथा बैंक आदिले नेपाली फर्म, कम्पनी तथा बैंक आदिमा पूँजी लगानी गरेमा यस उप-शीर्षकको खरीद कलममा तथा नेपाली व्यक्ति, फर्म, कम्पनी, बैंक आदिले विदेशमा पूँजी लगानी गरेमा बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१७०२०० **लगानी फिर्ता** : नेपालीले विदेशमा लगानी गरेको रकम आंशिक वा पूर्ण रुपमा फिर्ता ल्याएमा त्यस्तो रकम यस उप-शीर्षकको खरीद कलममा तथा विदेशीहरुले नेपालमा लगानी गरेको रकम आंशिक वा पूर्ण रुपले फिर्ता लगेमा त्यस्तो रकम बिक्री कलममा उल्लेख गर्नु पर्दछ । तर, लगानी फिर्ता नभई प्रतिफल वा लाभांश मात्र फिर्ता भएमा यस उप-शीर्षक अन्तर्गत नदेखाई कोड नं. १३०२०२ अन्तर्गत उल्लेख गर्नु पर्दछ ।

१७०३०० **आप्रवासी विप्रेषण तथा सम्पत्ति खरीद/बिक्री :** नेपालीहरुले विदेशमा रहेको आफ्नो अचल सम्पत्ति बिक्री गरी प्राप्त गरेको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको खरीद कलममा तथा विदेशीहरुको अचल सम्पत्ति खरीद गर्दा नेपालीले भुक्तानी गरेको विदेशी मुद्रा रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ।

साथै, नेपालीहरु नेपाल छाडी अन्य देशमा वसोवास गर्ने गरी गएमा सुविधा अनुसार सटही गरी लगेको थप विदेशी मुद्रा रकम पनि बिक्री कलममा उल्लेख गर्नु पर्दछ। यसैगरी, विदेशी नागरिक नेपालमा वसोवास गर्ने गरी आप्रबास (Migrant) भई आउँदा निजले सटही गर्न ल्याएको विदेशी मुद्रा खरीद कलममा उल्लेख गर्नु पर्दछ।

१८०००० **वैदेशिक ऋण सहायता :** यस शीर्षकलाई सरकारी र निजी गरी दुई क्षेत्रमा वर्गीकरण गरिएको छ। साथै, प्रत्येक क्षेत्रको विदेशी ऋण प्राप्ति र भुक्तानीको लागि अलग-अलग उप-शीर्षकको व्यवस्था गरिएको छ।

१८०१०० **सरकारी क्षेत्र :** श्री ५ को सरकारले प्राप्त गरेको वा दिएको वैदेशिक ऋण वापतको कारोवार रकम यस उप-शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्दछ।

१८०१०१ **विदेशी ऋण :** विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाले श्री ५ को सरकारलाई उपलव्ध गराएको ऋण सहयोग रकम यस उप-शीर्षकको खरीद कलममा तथा श्री ५ को सरकारले विदेशमा उपलव्ध गराएको ऋण सहयोग रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ।

१८०१०२ **ऋण (साँवा) भुक्तानी :** श्री ५ को सरकारद्वारा उपलव्ध गराइएको ऋण सहयोग रकमको साँवा भुक्तानी विदेशवाट प्राप्त भएमा यस्तो रकमलाई यस उप-शीर्षकको खरीद कलममा तथा श्री ५ को सरकारले भुक्तानी गरेको वैदेशिक ऋणको साँवा रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ।

१८०२०० **निजी क्षेत्र :** श्री ५ को सरकार बाहेक अन्य निजी निकायहरुले प्राप्त गरेको वा दिएको वैदेशिक ऋण वापतको कारोवार रकम यस उप-शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्दछ।

१८०२०१ **विदेशी ऋण** : विदेशी व्यक्ति, बैंक, संघ-संस्था आदिले नेपाली गैर सरकारी संघ-संस्थालाई उपलव्ध गराएको विदेशी ऋण सहयोग रकम यस उप-शीर्षकको खरीद कलममा तथा नेपाली व्यक्ति, बैंक र संघ-संस्थाले विदेशमा उपलव्ध गराएको ऋण सहयोग रकमलाई बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१८०२०२ **ऋण (साँवा) भुक्तानी** : उपरोक्त कोड नं १८०२०१ वमोजिम उपलव्ध गरे गराएको विदेशी ऋणको साँवा फिर्ता वापत विदेशी मुद्रा रकम प्राप्त भएमा वा भुक्तानी गरिएमा यस उप-शीर्षकको क्रमशः खरीद र बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१९०००० **आयात** : नेपालीहरुले विदेशबाट मालसामानहरु आयात गर्दा विदेशी पार्टीलाई भुक्तानी गरेको विदेशी मुद्रा रकमलाई यस शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ । यस शीर्षक अन्तर्गत खरीद कलममा भने कुनै पनि रकम आउनु हुदैन ।

आयात शीर्षकलाई निम्न अनुसार दुई वर्गमा वर्गीकरण गरिएको छ :

१९०१०० **एल.सी. अन्तर्गत** : बैंकहरुमा आयात प्रतित-पत्र (एल.सी.) खोली विदेशबाट मालसामान आयात गर्दा भुक्तानी गरिएको विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

१९०२०० **अन्य** : प्रतित-पत्र (एल.सी.) बाहेक अन्य माध्यमबाट आयात गरिएको मालसामानहरुको भुक्तानी ड्राफ्ट, टि.टि. वा अन्य कुनै माध्यम मार्फत गरिएमा त्यस्तो विदेशी मुद्रा रकमलाई यस उप-शीर्षकको बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

*द्रष्टव्य : मालसामानहरुको आयात वापत एक पटक खर्च देखाई सकेको विदेशी मुद्रा रकम कुनै कारणवश खर्च नभई फिर्ता हुन आएमा यस्तो फिर्ता रकमलाई बिक्री कलममा देखाइएको रकमबाट घटाई देखाउनु पर्दछ । यसरी फिर्ता हुन आएको रकम बिक्री कलममा देखाइएको रकमभन्दा अधिक भएमा उक्त अधिक रकमलाई ऋणात्मक चिन्ह (-) दिई उल्लेख गर्नु पर्दछ ।*

२००००० **वैदेशिक निक्षेप दायित्व** : विदेशी कुटनैनिक नियोग, संघ-संस्था, एयरलाइन्स र व्यक्तिहरुको नाममा स्थानीय बैंकहरुमा रहेको विदेशी तथा स्थानीय मुद्राको सम्पूर्ण खातालाई वैदेशिक निक्षेप दायित्व मान्नु पर्दछ । यस्तो वैदेशिक निक्षेप दायित्व खाताहरुमा जम्मा हुने गरी विदेशबाट विप्रेषण, यात्रु चेक वा नगद प्राप्त भएमा यस

शीर्षकको खरीद कलममा तथा यी खाताहरु खर्च गरी विदेशमा विप्रेषण पठाइएमा, यात्रु चेक जारी गरिएमा वा नगद विदेशी मुद्रा भुक्तानी गरिएमा बिक्री कलममा उल्लेख गर्नु पर्दछ । यसका अतिरिक्त एक बैंकको वैदेशिक निक्षेप खातामा खर्च भई अर्को बैंकको वैदेशिक निक्षेप खातामा जम्मा हुने गरी भएको कारोवारलाई पनि पहिलो बैंकले यस शीर्षकको बिक्री कलममा तथा पछिल्लो बैंकले खरीद कलममा देखाउनु पर्दछ । तर, नेपालीहरुको विदेशी मुद्रा खातामा जम्मा हुन आएको रकम र सोबाट खर्च हुने रकम यस शीर्षकमा नदेखाई कुन श्रोतबाट आम्दानी र कुन प्रयोजनको लागि खर्च भएको हो सोही शीर्षक वा उप-शीर्षकमा खरीद वा बिक्री जनाउनु पर्दछ । उदाहरणको रुपमा नेपालीले निर्यात गरी आर्जन गरेको विदेशी मुद्रा निजको विदेशी मुद्रा खातामा जम्मा हुन आएमा यस शीर्षकमा उल्लेख नगरी "निर्यात" शीर्षक अन्तर्गत खरीद कलममा उल्लेख गर्नु पर्दछ । वैदेशिक निक्षेप दायित्व सम्बन्धी खाता कारोवारको विस्तृत तथ्याङ्क विवरण ने.शो.-३ फारममा उल्लेख गरि पठाउनु पर्दछ ।

२१०००० **अन्तरबैंक :** विभिन्न बैंकहरु बीच अथवा एकै बैंकका विभिन्न खाताहरु वा कार्यालयहरु बीच विदेशी मुद्रा सम्बन्धी कारोवारलाई अन्तरबैंक कारोवार मान्नु पर्दछ । यस किसिमका अन्तरबैंक कारोवारको विदेशी मुद्रा रकम यस शीर्षकको सम्बन्धित कलममा उल्लेख गर्नु पर्दछ ।

८.२ **कलमहरुको व्याख्या :**

८.२.१ **परिवर्त्य मुद्रा खरीद तथा बिक्री :** भारतीय मुद्रा बाहेक बैंकहरुले खरीद तथा बिक्री गरेको अन्य सम्पूर्ण विदेशी मुद्रा रकमलाई सम्बन्धित शीर्षकको क्रमशः खरीद तथा बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

८.२.२ **भारतीय मुद्रा खरीद तथा बिक्री :** बैंकले खरीद तथा बिक्री गरेको भारतीय मुद्रा (नगद बाहेक) रकमलाई सम्बन्धित शीर्षकको क्रमशः खरीद तथा बिक्री कलममा उल्लेख गर्नु पर्दछ ।

८.२.३ **जम्मा खरीद तथा बिक्री** :बैंकले खरीद तथा बिक्री गरेको परिवर्त्य मुद्रा तथा भा.रु. (नगद बाहेक) लाई जोडी सम्बन्धित शीर्षकको क्रमशः खरीद तथा बिक्री कलमको "जम्मा" तर्फ उल्लेख गर्नु पर्दछ ।

९. **फा.नं.ने.शो.-२(ख) :** प्रस्तुत फारम ने.शो.-२(क) फारमको चेकिङ्ग विवरण हो । विदेशी मुद्रा कारोवारको टिपोट कार्य ने.शो.-२(क) फारममा सही रुपले भए नभए बारेको जानकारी यस फारमद्वारा हुन सक्ने हुँदा यस फारमलाई चेकिङ्ग विवरण भनिएको हो । ने.शो.-२(क) फारम जस्तै यस फारममा पनि परिवर्त्य र अपरिवर्त्य (भा.रु.) विदेशी मुद्राको कारोवारलाई छुट्टा छुट्टै उल्लेख गर्ने व्यवस्था गरिएको छ । यसैगरी, यस फारमका विभिन्न कलमहरुमा रकम उल्लेख गर्दा ने.शो.-२(क) फारम अनुसार कारोवार भएको विदेशी मुद्रा बराबर हुन आउने नेपाली रुपैयाँलाई हजारको अंकमा उल्लेख गर्नु पर्दछ । प्रस्तुत फारम ने.शो.-२(क) फारमको चेकिंङ्ग विवरण भएकोले ने.शो.-२(क) फारमको साथ यो फारम संलग्न गरी शोधनान्तर महाशाखालाई उपलब्ध गराउनु पर्दछ । यस ने.शो.-२(ख) फारमको नेपाली र अंग्रेजीको नमुना अनुसूची-३ मा संलग्न गरिएको छ । यस फारमका विभिन्न शीर्षक तथा कलमहरुको व्याख्या निम्न अनुसार प्रस्तुत गरिएको छ ।

९.१ **शीर्षकहरुको व्याख्या :**

९.१.१ **विदेशी मुद्रा नगद मौज्दात** : भारतीय रुपियाँको नगद कारोवार तथ्याङ्क यस निर्देशिकाको ने.शो.-१ फारमद्वारा संकलन गरिने व्यवस्था गरिएकोले उक्त नगद कारोवार बाहेक अन्य विदेशी मुद्राको नगद खरीद बिक्री कारोवार तथा नगद मौज्दातको विवरण यस शीर्षकमा देखाउनु पर्दछ । विदेशी मुद्रा (भा.रु. बाहेक) को नगद आम्दानीलाई यस शीर्षकको डेबिट कलममा र नगद खर्चलाई क्रेडिट कलममा उल्लेख गर्नु पर्दछ ।

